# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मिति: २०८२।०९।१७ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला पर्वत, कुस्मा नगरपालिका, वडा नं ०७, खरेहामा निर्माणाधीन ज्येष्ठ नागरिक भवन ठेकेदारको लापरबाही तथा कुस्मा नगरपालिकाको ढिलासुस्तीले गर्दा चार वर्ष बितिसक्दा समेत सम्पन्न हुन नसकी अलपत्र अवस्थामा रहेको, ठेकेदार कम्पनीले निर्माण कार्य अगाडी नै नबढाएको र गरेको काम पनि रफ भएको, गुणस्तरीय नभएको भन्नेसमेत व्यहोराको प्राप्त उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा कुस्मा नगरपालिका, पर्वतबाट आ.व. २०७८/०७९ मा सङ्घीय सरकारको विशेष अनुदान कार्यक्रम अन्तर्गत रु.१,६६,००,०००।- विनियोजन भई रु.१,४४,१०,०७२।२३ (भ्याट र कन्टिन्जेन्सी सहित) को लागत अनुमान तयार गरी खरेहाको ज्येष्ठ नागरिक भवन निर्माण (Construction, Maintenance and Upgrading works of Old Age Home at Khareha, Kushma-07, Contract ID: KM/NCB/PAR/04/078/79) को लागि सन् २०२१ December २२ (वि.सं. २०७८/९/७) मा रु.९६,३०,०२२।१० मा सन् २०२२ June ०८ (वि.सं. २०७९/०३/२४) सम्म कार्य सम्पन्न गर्ने गरी निर्माण व्यवसायी मल्ल कन्स्ट्रक्सन एण्ड सप्लायर्ससँग खरिद सम्झौता भएको देखिएको, सम्झौता पश्चात् निर्माण व्यवसायीले पेश गरेको अग्रिम भुक्तानी जमानतको आधारमा मिति २०७८/९/१३ र २०७८/९/२९ मा दुई पटक गरी कुल जम्मा रु.२१,७६,०००।- निर्माण व्यवसायीलाई पेश्की भुक्तानी गरेको देखिएको, निर्माण व्यवसायीबाट निर्माण कार्यमा तोकिएको समयसीमामा निर्माण कार्य नगरी निर्माण व्यवसायी सम्पर्कमा नरहेको अवस्थामा निर्माण व्यवसायी मल्ल कन्स्ट्रक्सन तथा सप्लायर्ससँगको ठेक्का सम्झौता अन्त्य गरी नयाँ ठेक्का प्रकृयामा जानुपर्नेमा आ.ब. २०७९।८० मा नेपाल सरकारको बिशेष अनुदान विनियोजन भएको भनी पुरानो ठेक्का सम्झौताबाट गर्नुपर्ने कार्यसमेतको लागि नयाँ ठेक्का गरी निर्माण गराएको देखिएको, कुस्मा नगरपालिकाबाट निर्माणाधीन खरेहाको ज्येष्ठ नागरिक भवन निर्माणमा पहिलो बिल अनुसार मूल्याङ्कित रकम भन्दा पेश्की सहित रु.१२,५६,००६।६९ बढी भुक्तानी भएको देखिएको, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ को उपनियम (६) एवं सोही नियमावलीको नियम ११३ (३) बमोजिम आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवाप्रदायकले खरिद सम्झौता बमोजिमको काम समयावधिभित्र सम्पादन नगरेको कारणले पेश्की फछ्यौट हुन नसकेमा बैङ्क जमानतको रकम सम्बन्धित बैङ्कबाट प्राप्त गरी पेश्की फछ्यौट गर्नुपर्नेछ र निजबाट त्यस्तो पेश्की रकमको सयकडा दश प्रतिशत व्याजसमेत असुल उपर गर्नुपर्नेछ भन्ने व्यवस्था विपरित पेश्कीको लागि राखिएको अग्रिम भुक्तानी जमानतको म्याद मिति २०७९/८/२९ सम्म रहेकोमा जमानतको म्याद समाप्त हुनु अगाडि नै अग्रीम भुक्तानी जमानत जफत नगरी अन्य प्रतिवादीहरुसँग समेतको एक आपसको मिलेमतोमा बैंक जमानतको म्याद गुज्रिन दिई पेश्की रकम समेत रु.१२,५६,००६।६९ बढी भुक्तानी गरेको प्रष्टै देखिएको, उक्त भुक्तानी गर्दा प्रतिवादी राष्ट्रसेवक, अन्य राष्ट्रसेवकहरु र निर्माण व्यवसायी बीचको एक आपसको वदनियतपूर्ण साँठगाँठमा गैरकानूनी लाभ र स्वार्थका लागि भुक्तानी भएको देखिएको र सार्वजनिक खरिद नियमावली, बमोजिम पेश्कीको ब्याज रकम रु.४,४६,३३५।२९ गरी जम्मा रकम **रु.१७,०२,३४१।९८** सरकारी हानीनोक्सानी गरेको, साथै निर्माण व्यवसायी मल्ल कन्स्ट्रक्सन तथा सप्लायर्सले सम्झौतामा तोकिएबमोजिमको निर्माण कार्य पूरा नगरेपश्चात सार्वजनिक खरिद ऐन, २०६३(संशोधन समेत) को दफा ५९ को (७) बमोजिम खरिद सम्झौता अन्त्य गरी ऐ.ऐ को दफा ५९ को (८) र सम्झौताको GCC 75.3 बमोजिम कार्यसम्पादन जमानत जफत गरी बाँकी कार्य पूरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौता बमोजिम कार्य नगर्ने निर्माण व्यवसायीबाट सरकारी बाँकी सरह असुल उपर गरेपश्चात मात्र नयाँ खरिद कार्य गर्नुपर्ने कानूनी प्रक्रियाको जानी जानी थाहा पाई पाई गैरकानूनी स्वार्थ लाभ प्राप्तिका लागि जानी बुझी वदनियतपूर्वक सम्झौता बमोजिम बाँकी कार्य गर्न लाग्ने रकम असुल उपर नगरी **रु.९६,४१,८७४।८८** सरकारी

सम्पत्तिको हानिनोक्सानी भएको देखिएको, सम्झौताको GCC Clause 74.1 बमोजिम निर्माण व्यवसायीलाई कालोसूचिमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखी पठाउनुपर्नेमा एक आपसको वदनियतपूर्ण मिलेमतोमा गैरकानूनी लाभ र स्वार्थका लागि खरिद सम्झौता अन्त्य गरी सम्पन्न हुन बाँकी कार्य बराबरको रकम असुलउपर नगरी दोहोरो दायित्व सिर्जना गरेको रकम र निर्माण व्यवसायीलाई उपलब्ध गराएको पेश्की फछ्र्यौट नगरी सोको बैंक जमानतको म्याद नवीकरण गर्ने वा रकम दाबी गर्ने कार्य नगरी सरकारी हानी नोक्सानी भएकोले कुल जम्मा बिगो रु.१,१३,४४,२१६।८६ (एक करोड तेह्र लाख चौवालीस हजार दुई सय सोह्र रुपैयाँ छयासी पैसा) हिनामिना, हानिनोक्सानी र दुरुपयोग गरे गराएको पुष्टि भएको हुँदा निज प्रतिवादीहरुको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम कसुर गरेको देखिएकोले उक्त कार्यमा संलग्न देहायका प्रतिवादीहरु कुस्मा नगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत कुमान सिंह गुरुङ, कुस्मा नगरपालिकाका इन्जिनियर आशिष शाक्य, कुस्मा नगरपालिकाका तत्कालीन लेखा अधिकृत कृष्ण प्रसाद शर्मा र मल्ल कन्स्ट्रक्सन एण्ड सप्लायर्स तथा उक्त सप्लायर्सका प्रोपाइटर लाल बहादुर मल्लउपर देहाय बमोजिम सजाय हुन मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय**

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | कुस्मा नगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत **कुमान सिंह गुरुङ** | रु.१,१३,४४,२१६।८६ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा बिगो रु. एक करोड तेह्र लाख चौवालीस हजार दुई सय सोह्र रुपैयाँ छयासी पैसा कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी बिगोसमेत सोही ऐनको दफा १७ बमोजिम असूल उपर गर्न मागदाबी लिइएको छ। |
| २. | कुस्मा नगरपालिकाका तत्कालीन लेखा अधिकृत **कृष्ण प्रसाद शर्मा** | रु.१७,०२,३४१।९८ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा बिगो रु. सत्र लाख दुई हजार तीन सय एकचालीस रुपैयाँ अन्ठान्नब्बे पैसा) कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (च) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (संशोधनसहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी बिगोसमेत सोही ऐनको दफा १७ बमोजिम असूल उपर गर्न मागदाबी लिइएको छ। |
| ३. | कुस्मा नगरपालिकाका तत्कालीन इन्जिनियर **आशिष शाक्य** | रु.९६,४१,८७४।८८ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा बिगो रु. छयान्नब्बे लाख एकचालीस हजार आठ सय चौहत्तर रुपैयाँ अठासी पैसा कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ज) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (संशोधन सहित) को दफा ३ को उपदफा (१) |

| | | | |
|---|---|---|---|
| | | | को देहाय (च) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी बिगोसमेत सोही ऐनको दफा १७ बमोजिम असूल उपर गर्न मागदाबी लिइएको छ। |
| ४. | **मल्ल कन्स्ट्रक्सन एण्ड सप्लायर्स, पर्वत** र उक्त फर्मका प्रोपाइटर **लाल बहादुर मल्ल** | रु.१,१३,४४,२१६।८६ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरजन्य कार्यको नगद तथा अन्य गैरकानूनी लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूर गरेको हुँदा मुख्य कसूरदारहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा बिगो रु. एक करोड तेह्र लाख चौवालीस हजार दुई सय सोह्र रुपैयाँ छयासी पैसा कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम विगो असूल हुने सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक बाक्यांश बमोजिम मुख्य कसूरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने